# पाणिनी गाउँपालिका
## Panini Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र संख्या/Letter No.: ०७७-०७८
चलानी नं./Ref. No.:

मिति/Date: २०७७।१०।०४

**मतदाता नामावली अध्यावधिक गर्ने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा निर्वाचन आयोग नेपालको प.सं. च.नं. २०७७/०७८/२९ मिति २०७७/०९/१९ को मतदाता नामावली अध्यावधिक गर्ने कार्यक्रम सम्बन्धमा प्राप्त पत्र अनुसार मिति २०७८ साल बैशाख १७ र बैशाख २७ मा हुने प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन मिति घोषणा भएको व्यहोरा जानकारी गराउदै २०७७ साल पौष ५ गते सम्ममा मतदाता नामावलीको लागि नाम संकलन भइ सोही मिति सम्ममा १८ वर्ष उमेर पुगेका व्यक्तिहरूको नामावली अध्यावधिक (दावी विरोध समेत) सम्बन्धी कार्यक्रम मिति २०७७/१०/१५ देखि २०७७/१०/२१ सम्म ७५३ वटै स्थानीय तहका केन्द्रमा एकसाथ सञ्चालन हुने तय भएकोले निम्नानुसारको क्रियाकलाप सञ्चालन हुने व्यहोरा जानकारी गराउन भनी निर्वाचन आयोगको कार्यालयबाट लेखी आए अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

**कार्यक्रमहरू**

१. मतदाता नामावली प्रकाशन गर्ने,
२. कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटी भएमा सच्चाउनका लागि निवेदन दिने,
३. कसैले झुठ्ठा विवरण दिइ मतदाता नामावलीमा नाम समावेश गरेको भए प्रमाणसहित उजुरी दिने,
४. दोहोरो नाम हटाउन निवेदन दिने ,
५. दोहोरो नाम हटाउने,
६. मृत्यु भएको वा नागरिकता त्याग गरेको वा नागरिकता रद्ध भएको व्यक्तिको नाम मतदाता नामावलीबाट हटाउने।

२०७७/१०/०४

नेत्र प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत